# प्रदेश सभा

## गण्डकी प्रदेश

## पाँचौं अधिवेशन

## (सत्रौ बैठक)

## कारवाहीको सम्पूर्ण विवरण

## मिति:- २०७६/११/२९ दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको पाँचौं अधिबेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा २०७६/११/२९ दिनको १:१२ मा प्रारम्भ भयो।

### माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु आजको बैठक कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु बस्न म विशेष अनुरोध गर्दछु । माननीय सदस्यहरु बस्दिन म विशेष अनुरोध गर्दछु। माननीय सदस्यहरु, यो बैठकलाई सुचारु गर्न म माननीय सदस्यहरुसँग विशेष अनुरोध गर्दछु । माननीय सदस्यहरुको नयाँ केही कुरा छ भने प्रतिपक्ष दलको नेताले आफ्नो कुरा राख्न म विशेष अनुरोध गर्दछु । दलको नेता हुने बेलासम्म उपनेताले बोल्नुपर्ने त होइन होला । के छ त्यस्तो?

### कृष्णचन्द्र नेपाली पोखरेल प्रतिपक्ष दल नेता

सभामुख महोदय, हाम्रो दलले एउटा हिजो देखि बिभिन्न माग राखेर हामीले हाउस अवरुद्ध गरेका छौं । र मैले सम्मानित सभामा माननीय सभामुख मार्फत केही कुराहरु प्रदेश सरकार समक्ष मैले राखेको थिए हिजो । र अहिले पनि हाम्रो अडान यथावत छ । हाम्रा ती मागहरु पुरा हुनुपर्छ भन्ने हाम्रो माग हो । यसलाई पुनर्ताजगी गर्ने अनुमती छ भने देखि म अरु अगाडि बढ्न चाहान्छु । सभामुख महोदय, हामी यो प्रदेशलाई समृद्ध र सुखी प्रदेश बासी बनाउने भन्ने एउटा

अभियानमा जेटेको कुरा प्रदेश सरकारले आफ्ना प्रत्येक दस्तावेजहरुमा त्यसलाई प्रकाशित गरेको, आम जनताको बीचमा ल्याएको कुरा सर्वबिदितै छ । यसको सबैभन्दा पहिलो र अनिवार्य सर्त के हो भने लोकतन्त्रमा प्रतिपक्षलाई साथमा लिएर, प्रतिपक्षको सहयोग लिएर, मात्रै त्यो अभियान सफल हुन्छ भन्ने एउटा मान्यता हो तर हामीले प्रतिपक्षको तर्फबाट यो प्रयत्न गर्दा गर्दै पनि त्यसको बेवास्ता गरियो भन्ने कुरो मैले हिजो नै राखेको छु। त्यो मध्ये फेरि म पुनराबृति गर्न चाहान्छु । की विकास निर्माणको सन्दर्भमा जनप्रतिनिधिहरुको सहभागितालाई अनिवार्य सम्झेर प्रदेश सरकारले जुन निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको व्यवस्था गर्यो, जसको लागि हामीहरुले गत वर्ष देखि नै भनेका थियौं, निश्चित रुपमा यसलाई हामीले निश्चित मापदण्डको आधारमा अगाडि बढायौं भने विगतका जस्ता कमीकमजोरी हुने छैनन् र प्रदेशको विकास निर्माण अगाडि बढ्ने छ भन्ने कुराहरु हामीले राख्दै आएको हो । सोही अनुसार दोस्रो वर्ष भए पनि सरकारले जुन रकम विनियोजन गर्यो, दुई करोड रुपैंया त्यसलाई पनि हामीले धन्यवाद दिएको हो र सरकारको अधिकार भित्रको कुरा के हो भने त्यो रकमलाई कसरी विनियोजित गर्ने प्रकृयाहरु , त्यो नियमहरु बनाउने अधिकार सरकारको हो र सरकारले नै त्यो कार्यविधि बनायो र त्यो कार्यविधि अनुसार काम गर्नुपर्ने दायित्व पनि सरकारको थियो। तर त्यसतर्फ सरकारले ध्यान किन दिएन भने देखि समानुपातिक तर्फबाट निर्वाचित माननीय सदस्यज्यूहरुलाई जसरी कार्यविधिले एउटा समान हैसियत, समानताको एउटा ग्यारेण्टी गरेको छ । त्यो भन्या के भन्दा खेरी प्रदेश सभामा सहमती भयो भने प्रदेश तलै टुङ्गिन्छ भनेर त्यहाँ व्यवस्था गरेको छ । सहमती भनेको के हो, सहमती भनेको एक्वयल मात्रै हुन्छ । यदि हुन सकेन भने त्यो माथी आउने भन्ने जुन प्रोभिजन छ, त्यो आइसकेपछि त्यो वितरण गर्दै गर्दा खेरी त्यहाँ न्यायिक मन प्रयोग भएन, विवेक भएन र त्यो कार्यपत्रको मर्म अनुसार पनि भएन, कार्यविधिको मर्म अनुसार पनि भएन र एउटा अपमानजनक किसिमबाट यहाँ रकमको कतिको कुरा होइन । सभामुख

महोदय, हाम्रो एक्वयल स्टाटसको कुरा हो र हाम्रो जोड्दर माग पनि के हो भने त्यो कुरा सरकारले गर्नुपर्छ । त्यस्तै यो प्रदेश सभा नियमावलीको विषयमा मैले हिजो पनि भने अहिले पनि मेरो यति मात्रै संक्षिप्त भनाई के भने यदि हामीले जनप्रतिनिधि माथी, यदि हामीले यो प्रदेशको दलहरु माथी विश्वास नगर्ने हो भने विश्वास कोलाई गर्ने? त्यसो भएको हुनाले प्रदेश सभा आइडिया होल संचालन गर्ने जुन बोडी छ, जुन समितिको परिकल्पना गरिएको छ । त्यसमा दलको पनि प्रतिनिधित्व हुनुपर्दछ वा दुई ओटा विधेयकको आधारमा एउटा सचिवालयको फरक र एउटा सभामुख ज्यूको अध्यक्षतामा फरक यी दुई ओटा विधेयक आउनु पर्थ्यो । एउटामा आइसकेपछि दलको प्रतिनिधित्व अनिवार्य हुनुपर्छ भन्ने हाम्रो माग यथावत नै छ र यी देखि बाहेक सरकारसँगका कुराहरु हिजो मैले राखेको छु र त्यसलाई म पुनराबृति गर्न चाहान्न । यो यहाँ रेकर्ड छ । यसर्थमा हाम्रो माग यथावत भएको हुनाले यो अवरोध यथावत रहने कुरा जानकारी गराउन चाहान्छु , धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

अब माननीय सदस्यले हिजो जे कुरा राखु भयो । अनि माननीय बिपक्ष दलको नेतासँग तत्कालै मुख्यमन्त्री हुनुहुन्थेन । मैले उहाँलाई एकल बोलाएर सामान्य छलफल पनि भयो । प्रयास पनि भयो । त्यसपछि मुख्यमन्त्रीलाई पनि मैले सके हिजै जोडेर छलफल चलाउँ र यसलाई अलि सहजीकरण गरौं भन्ने लागेको थियो । उहाँको कार्य ब्यस्तता, बैठक आदी इत्यादीले हिजो बेलुका सकिएन । अब आज बिहान उहाँ अलि संवेदनशील जानु भएको छ । बिहान मात्रै फेरि सम्पर्क भएको थियो । अब मुख्यमन्त्री सकारात्मक हुनुहुन्छ। अब सम्भव भएसम्म त आउँछु पनि भन्नु भएको छ । माननीयज्यूहरुले त्यसलाई आत्मसात गरेर अब मुख्यमन्त्रीले हाम्रा कुराहरु सम्बोधन गर्नुहुन्छ भन्ने विश्वास लिएर म फेरि पनि अनुरोध गर्छु । माननीयहरु बस्दिनको लागि र यो सदनलाई सुचारुका लागि म फेरि अनुरोध गर्छु।

माननीय सदस्यहरु बस्दिनु हुन अनुरोध गर्दछु । माननीय सदस्यहरु बस्दिनु पर्यो अब सम्भवत मुख्यमन्त्रीजी त्यो कार्यक्रम भ्याएर आउनु होला । अब एउटा अफ्ठ्यारो के के हुने भयो भने माननीयहरु उठेको उठेई गर्ने, मुख्यमन्त्रीलाई कुरिरहनु पर्ने यो अफ्ठ्यारो हुने भयो । म फेरि पनि अनुरोध गर्छु । बस्नको लागि। माननीय सदस्यहरु मेरो फेरि पनि अनुरोध छ । अब मुख्यमन्त्री सकारात्मक हुनुहुन्छ । आज अलि दुखद मैले सुनेको फोनबाट । अब त्यो कार्यक्रम अलि ढिलो पनि हुन सक्छ त्यसकारण माननीय सदस्यहरुलाई अब बसेर सहयोग गर्न पनि म अनुरोध गर्दछु । माननीय सदस्यहरुलाई फेरि अनुरोध गरे । अब यो बहस छलफल अब प्रतिपक्षले उठाएको प्रश्नमा सत्ता पक्ष अब माननीय मन्त्रीज्यूहरु यहीं हुनुहुन्छ । अब हिजो देखिबाट गम्भीरता पूर्वक उठेको छ । सदनको ध्यानाकर्षण भएको छ ।अब मुख्यमन्त्रीले संवेदनशील ढङ्गले त्यसलाई लिनु भएको छ । अब हिजो बेलुका नै हामी छलफल चलाउँछौं भनेर हजुर सँगप्रति गरिसकेपछि अब मुख्यमन्त्रीलाई हिजो कार्यव्यवस्था भयो । अनि बिहान ल आज उ गरौं तपाई सम्बोधन गर्नुपर्ने हो अथवा भेट्नु पर्ने हो त्यो मिलाउँ भनेर भन्दा उहाँले त्यो फोनबाट जानकारी गराउनु भएको छ । अब यो धेरै लामो समय उठ्दा खेरी माननीयहरुको अब अलि कष्ट पनि हुने भयो । अब यो मेरो अनुरोध छ । विशेष अनुरोध छ । माननीय सदस्यहरु मेरो विशेष अनुरोधलाई पनि नमानेर अब प्रतिपक्ष दलको माननीय सदस्यहरु उठिरहनु भएको छ । अब यसलाई विशेष मध्यनजर गर्दै फेरि विशेष अनुरोध गर्दै अब यो कति समय सम्मन कुर्ने एउटा अफ्ठ्यारो मलाई पनि लागिरहेको छ । अब प्रतिपक्ष दलको नेताले सदन अवरुद्ध गरेको र माननीय मुख्यमन्त्री उपस्थित नभैसक्नु भएको अब कारणले माननीय सदस्यहरु अब यो बैठक २०७६साल फागुन ३० गते दिनको ११ बजे सम्मको लागि स्थगित हुन्छ ।